
२०८१ साल, वर्ष ६ ,अंक १७ (जेष्ठ )

**लाटोकोसेरो संरक्षण सबैका लागि**



# हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)





## यो अङ्कमा के के छ?


लाटोकोसेरो सहित पक्राउ........................................२
पोखराबाट कालपेचकको उद्दार................................३
गोविन्द बहादुर सिंहको संरक्षण यात्रा जारी ...............४
लोप हुँदै हुचिल......................................................५
इलाममा भेटियो चस्मे उलूक.....................................७
अरू चरालाई लट्ठ्याउने स्वरको धनी 'लेकाली उलूक'.८
डुल्दाडुल्दै भेटिएको ठुलो डुन्डुल...............................१०
लाटोकोसेरो छोड्दा मनै फुरुङ्ग !...............................११
लाटोकोसेरोको लागि विश्व प्रसिद्ध पुरस्कार.................१३
लाटोकोसेरोको अभिलेख........................................१४
संरक्षणकर्मीको अपिल ! धन्यवाद, दिनेश गिरि...........१५
संरक्षणकर्मीको प्रयासहरु........................................१६
मानिस हाप्सिलो द्वन्द्व..............................................१७






हाम्रो भन्नु !

## लाटोकोसेरो कार्य योजना अझै लागु हुन् सकेन !

४ वर्षसम्म पनि नेपाल सरकारले बनाएको 'लाटोकोसेरो संरक्षण कार्य योजना' लागु हुन् सकेको छैन। नेपालमा कार्यरत सबै सरकारी/ गैर सरकारी संस्थाहरूले साथ नदिनु थप दुखदायी बनेको छ। मानिसको सहयोगी साथी भएर पनि मानिसबाट निकै दुखित लाटोकोसेरो र हुचिलहरूको पछिल्लो अवस्था त्यति राम्रो छैन। विशेष गरी सहरी क्षेत्रमा रहेका परम्परागत घरहरू भत्किँदा यिनले आफ्नो घर गुमाएका छन्। मुसा खाएर कृषकलाई सहयोग गर्ने यस्ता प्राणीहरू हाम्रो क्षेत्रबाट लोप हुँदा कृषि क्षेत्रलाई प्रत्यक्ष असर गर्दछ। यस्ता क्षेत्रहरूमा अनुदान रकम केही छुट्ट्याउने हो भने यिनका लागि घरको (गुँड) व्यवस्था गर्न सक्छौँ। डिभिजन वन कार्यालयहरू समेत स्थानीय निकायहरूले थोरै रकम विनियोजन गर्ने हो भने पनि लाटोकोसेरो संरक्षणमा निकै ठुलो योगदान गर्न सकिन्छ।

# लाटोकोसेरो **सहित** पक्राउ

**वैशाख ३१, २०८०।** काभ्रेको धुलिखेल नगरपालिका-९ काभ्रेभन्ज्याङबाट प्रहरीले लाटोकोसेरो सहित एक जनालाई पक्राउ गरेको छ। रामेछाप नगरपालिका– २ भिरकोटका ३४ वर्षीय केशर श्रेष्ठलाई पक्राउ गरिएको हो।जिल्ला प्रहरी कार्यालय, काभ्रेका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक हरि खतिवडाका अनुसार भकुन्डेबाट धुलिखेलतर्फ आउँदै गरेका श्रेष्ठ शङ्कास्पद देखिएपछि खानतलासी गर्दा लाटोकोसेरो फेला परेको हो।श्रेष्ठलाई कानुनी कारबाहीका लागि डिभिजन वन कार्यालय,धुलिखेल, काभ्रेमा पठाइएको प्रहरीले जनाएको छ।





(समाचार श्रोत : WILDNEPAL)

# पोखराबाट कालपेचकको उद्धार

**चैत्र १३, २०८०।** कालपेचकको स्वर सुन्ने गरे पनि मैले अहिले सम्म देखेको थिइन्। मलाई हेर्न मन लागेको चरा कुन डालीमा बसेर स्वर निकाल्छ म छक्क पर्ने गर्थे। बेलुका करिब ७ बजे क्याम्पस परिसरमा कालपेचक (Brown Hawk Owl) नामक प्रजातिको लाटोकोसेरो मृत अवस्थामा फेला परेको थियो। मन परेको चरालाई यो अवस्थामा देख्दा निकै दुख लाग्यो।



**आशिष परियार**
वन विज्ञान अध्ययन संस्थान, पोखरा

मृत लाटोकोसेरोको बायाँ पट्टिको आँखामा र बायाँ पट्टिकै पखेटामा गहिरो चोट भेटिएको थियो। चोटको प्रकृति हेर्दा उक्त लाटोकोसेरोलाई कुनै सिकारी चराले आक्रमण गरी मारेको जस्तो देखिन्थ्यो। मृत लाटोकोसेरोलाई वन क्याम्पस परिसरकै चौरमा खाडल तयार पारी त्यसै दिन करिब ७:३० बजे पुरिएको थियो। यससँगै वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस क्षेत्रमा लाटोकोसेरो प्रजाति ४ पुगेको छ। वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस, हरियो खर्क-१५ पोखरा क्षेत्रमा कुल १२४ प्रजातिको चराहरू अभिलेख गरिएको थियो। त्यस मध्ये कोचल गाँडे लाटोकोसेरो (Spotted Owlet), ठुलो डुन्डुल (Asian Barred Owlet), मलाहा हुचिल (Brown Fish Owl) गरी ३ प्रजातिको लाटोकोसेरोहरू पहिला नै अभिलेख थियो।



# गोविन्द बहादुर सिंहको संरक्षण यात्रा जारी

**फाल्गुन २३, २०८०।** जाजरकोट बारेकोट गाउँपालिका वार्ड नम्बर २ बस्ने आइते नेपालीले कुकुरले आक्रमण गरी रहेको अवस्थामा हाप्सिलो प्रजातिको लाटोकोसेरो उद्धार गरेका छन्। सो घटना विष्णु सिंह मार्फत संरक्षणकर्मी गोविन्द बहादुर सिंहमा पुगेपछि निजले उपचार गरी प्राकृतिक वासस्थानमा छोड्नु भएको छ। यो समेत गरी उहाँले अहिले सम्म ७ वटा लाटोकोसेरो तथा हुचिलको उद्धार र पुनर्स्थापना गरी सक्नु भएको छ।



# लोप हुँदै हुचिल

**उदयपुर।** उदयपुरको बेलका नगरपालिकास्थित मैनामैनी, बबला, चम्पाकोट, बोप्ताङ एवं चौदण्डी गढी नगरपालिकाको चौदण्डी, सिद्धीपुर क्षेत्रतिर हिउँद र वर्षा याममा प्रशस्त पाइने गरेको दुर्लभ पन्छी हुचिल हिजोआज पाउन कठिन छ । हुचिल वासस्थान र आहाराको अभावमा लोप तथा विस्थापित हुँदै गएका छन् ।

केहीवर्ष अगाडिसम्म पनि गाउँघर र जङ्गल क्षेत्रमा प्रशस्त पाइने गरेको हुचिल हिजोआज वर्षा, हिउँद, दुवै याममा देखिन छाडेको बेलका नगरपालिका–८ मैनामैनीका दलबहादुर राई बताउँछन् । गाउँघरतिर नै बास बस्ने गरेको हुचिलको वासस्थानमा समेत मानिसले अतिक्रमण गर्न थालेको, अवैध सिकार समेत हुने गरेको र आहारा अभाव हुन थालेकाले हुचिल लोप हुँदै गएको चौदण्डी गढी नगरपालिका सिद्धीपुरका धनबहादुर पुलामी मगरले बताए।

धनबहादुरले भने, "आजभन्दा दश, बाह्र वर्ष अगाडिसम्म पनि हिउँद वर्षा दुवै याममा गाउँघरमा रातभरि हुचिल खेल्ने, रुख–रुख बसेर कराउने गर्दथ्यो, हिजोआज हुचिल बस्ने वासस्थान मानिसले मासीसके, खाने कुरा आहाराको पनि अभाव छ, सिकारीले पनि मार्न थालेपछि हुचिल हिउँद वर्षा दुवै समयमा गाउँघरतिर देखिन छाडेका छन्।"

बेलका नगरपालिका बबलाका कृषक देवधन राई भन्छन्, 'आजभन्दा दश वर्ष अगाडिसम्म बबला गाउँको पाखा जङ्गलतिर रातभर हुचिल कराउने बास बस्ने र गुँड तयार गरी बच्चा पनि हुर्काउने गरेका पाइथ्यो, तर मानिसको अतिक्रमणले उनीहरूको बासस्थनमा बढ्न थालेको र अवैध सिकार समेत हुन थालेपछि हिजोआज केही एक दुई फाट्टफुट्टबाहेक धेरै हुचिल मुस्किलले पाउन छाडिएका छन् ।' उनका अनुसार दश वर्ष अघिसम्म बबला पाखा जङ्गल र गाउँको रुखमा सयौँको सङ्ख्यामा हुचिल पाउने गरिएको थियो।

बेलका मैनामैनीका ७८ वर्षीय इन्द्रबहादुर राईका अनुसार आठ दश वर्ष अघिसम्म पनि मैनामैनी गाउँघरको रुख, भीर पाखामा दर्जनौँ हुचिल रातभरि नै कराउने र गाउँघरसम्म आएर कराउने गर्दथे, हिजोआज रातको समयमा समेत सुनसान छ, एउटा पनि हुचिलको आवाज सुनिँदैन।

मङ्सिर र पुसमा समेत यी क्षेत्रका गाउँघर र जङ्गलमा हुचिल पाउन छाडिएको कारण यी क्षेत्रबाट बिस्तारै हुचिल लोप वा विस्थापित हुँदै गइरहेको बेलका–८ का दीर्घबहादुर भुजेलले बताए । बेलका नगरपालिकाका पूर्व मेयर दुर्गाकुमार थापाले भने, 'बेलका क्षेत्रका पहाडी जङ्गल हुचिलको लागि राम्रो वासस्थान हो, यसले बढीभन्दा बढी चिउरी, गायोको रुखमा बस्न मनपराउँछ, तर गाउँघरमा हिजोआज चिउरीको बोट काट्ने र ढाल्ने कार्य भइरहँदा हुचिल कराउने गर्दैन।'

पाखापखेराका पोथ्रा रुख भीर पहराको रुखसमेत मास्न थालिएपछि मुख्य हुचिलको वासस्थान नै समस्या भएका कारण दुर्लभ पन्छी विस्थापित हुन थालेको यस क्षेत्रका अगुवा बताउँछन् । चोरी, सिकार, वासस्थान फँडानी हुँदै आएका कारण हुचिललगायत अन्य पन्छीहरू यस क्षेत्रबाट विस्थापित भइरहेका छन्।

**(श्रोत : रासस, बुधवार, ११ पुस २०८०)**





# इलाममा भेटियो चस्मे उलूक

कोकिला ढकाल

**मङ्सिर ९, २०८०।** इलामको पर्यटकीय क्षेत्र पाटेनागीमा दुर्लभ चस्मे उल्लु (उलूक) फेला परेको छ । वाइल्डलाइफ फोटोग्राफर देवेन खरेलले चरा खोजी गर्ने क्रममा पाटेनागी क्षेत्रमा पर्ने पुवामझुवाको चैतेमा यो चराको तस्बिर खिच्न सफल भएको बताउनुभयो।



तस्बिर : देवेन खरेल

खरेलले दुर्लभ चरा भेटिनुलाई महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो । 'पाटेनागी जाने बाटामा हिँड्दै गर्दा यो चरा देखियो, यसलाई निकै महत्त्वपूर्ण उपलब्धि मानेको छु ।'

खरेलले भन्नुभयो, 'पर्यटकीय क्षेत्रका रूपमा विकास हुँदै गरेको स्थानमा यो चरा यहाँको गहना बन्न सक्छ। यो किसानको साथी चरा हो, यसको संरक्षण गर्नुपर्छ ।'

चरा खोजी अभियानमा लाग्दा यो क्षेत्रमा रहेको ५५ प्रजातिका चराको तस्बिर खिचेको खरेलले बताउनुभयो ।

चस्मे उलूक चरा समुद्र सतहबाट डेढ सयदेखि दुई हजार सात सय मिटरसम्मको उचाइमा बस्छ । यो चराको शरीरको लम्बाई करिब ५० सेन्टिमिटर हुने जनाइएको छ ।

पाटेनागी क्षेत्रमा दुर्लभ चरा भेटिनु ठुलो उपलब्धि भएको इलाम नगरपालिका–३ का वडाध्यक्ष हेमन सुनुवार बताउनु हुन्छ ।'यसले इलामको समग्र पर्यटनमा सघाउ पुर्याउने रहेछ,' सुनुवारले भन्नुभयो, 'यहाँका दुर्लभ र रैथाने जीवजन्तु संरक्षणबारे हामीले स्थानीयलाई सचेत गराउनुपर्ने भएको छ।'

**(श्रोत : गोरखापत्र)**

# अरू चरालाई लट्ठ्याउने स्वरको धनी 'लेकाली उलूक'



**बद्री बराल,** कार्यक्रम संयोजक
प्रकृति संरक्षण अभियान नेपाल

मनोज सामपाङ राई हाब्रे संरक्षणका लागि ‘प्रकृति संरक्षण अभियान नेपाल’का साथीहरूसँग साल्पासिलिछो लेकाली वनमा खटिएका थिए। उनले नागरिक अन्वेषकका रूपमा क्षमता अभिवृद्धि पश्चात् वन्यजन्तु र चराहरूका विशेष चाख राख्न थालेका छन्।

खोटाङको जाल्पा क्षेत्रमा भएको 'लाटोकोसेरो तथा हुचिल उत्सव'मा इच्छा हुँदाहुँदै सहभागिता जनाउन नपाएका राईले मिति २०८१/२/१५ का दिन मलाई एक उल्लुको तस्बिर पठाए। तस्बिरलाई प्रकृति संरक्षण अभियान नेपालको फेसबुक पेजबाट सार्वजनिक गरियो। यो कुन प्रजाति रहेछ भन्ने साह्रै कौतुहलता थियो। उल्लुसम्बन्धी चासो राख्ने साथीहरूले उल्लु सर उर्फ राजु आचार्यलाई मेन्सन गरे। उनले सोम जिसीसँग समन्वय गर्दा लेकाली उलुक रहेको निर्क्योल गरियो।



सामान्यतया स्थानीयहरूले उल्लु भने पनि आफ्ना पितापुर्खाहरुले किराँती भाषामा पटप भन्ने गरेको राईले बताउनुभयो। दुधिलोको रुखमा स्याउला/घाँस काट्न जाँदा झ्याउँको थुप्रोमा बसेको एक जोडी लेकाली उलूकका सन्तानहरू रुख हल्लिएर भुईंमा खसेको रहेछ। के रहेछ भनेर पछि रुखबाट ओर्लिएर फोटो/भिडियो लिइएको थियो। फोटो/भिडियो लिएपछि समातेर त्यही दुधिलोको रुखमा झ्याउँको थुप्रोमा राखिदिएका थिए राईले । समाउन खोज्दा जिब्रो पड्काएर प्रतिरक्षा गर्न खोजेको थियो । हालसम्म सो क्षेत्रमा तीन प्रजातिका लाटेकोसेराहरु देखिएको छ। यसको माउले आवाज निकाल्दा अन्य चराहरू लट्ठिएर नजिक जाने गरेको र यसले चराको बच्चाहरू समेत खाने गरेको कुरा स्थानीयले बताउँछन् ।

हालसम्म लाङ्टाङ राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण संरक्षण क्षेत्र, गौरीशंकर संरक्षण क्षेत्र र संरक्षित क्षेत्रबाहिर कोसी प्रदेशको ताप्लेजुङ, सङ्खुवासभा, बागमती प्रदेशको काठमाडौँ, भक्तपुर, ललितपुर, धादिङ, रसुवा, नुवाकोट, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, चितवन, गण्डकी प्रदेशको लमजुङ, मुस्ताङ, कास्की, पर्वत, म्याग्दी, स्याङ्जा, लुम्बिनी प्रदेशका गुल्मी, पाल्पा, कर्णाली प्रदेशको मुगुमा अभिलेख गरिएको छ । लेकाली उलूकको उपस्थितिको सम्भवतः खोटाङमा अभिलेख गरिएको छैन। यस्ता खालका अभिलेखहरू थप खोज तथा अनुसन्धानका लागि लाभकर साबित हुन सक्छन्।





# डुल्दाडुल्दै भेटिएको ठुलो डुन्डुल





**बद्री बराल,** कार्यक्रम संयोजक
प्रकृति संरक्षण अभियान नेपाल

**बैशाख ७, २०७१।** दैलेख जिल्लाको नौमुले गाउँपालिकाको स्थानीय जलवायु अनुकूलन योजना बनाउने क्रममा त्यहाँ पुगेको थिए । काम सकाएर होटेल फर्कने क्रममा साँझ परिसकेको थियो। बाटो तल सालको जङ्गलका (तोली क्षेत्रको लोहोरे खोलाको तिरमा) एउटा कमिलाको गोला जस्तो देखिने आकृति सामुन्ने देखियो।



स्थानीय सहयोगीलाई 'त्यो गोलाजस्तो देखिएको छ के हो?' भनेर सोधे। उसले भन्यो 'सर यो सालको जङ्गलका यस्ता कमिलाका गोलाहरू देखिन्छन् ,थुप्रै देखिन्छन्'।

तर त्यो गोला भन्दा अलि फरक लागेकाले मन मानेन र क्यामेराले कैद गर्ने निर्णय गरे। क्यामेराबाट जुम गर्दा फरक खालको बस्तु देखेँ र लेन्सको क्षमताले भ्याएसम्म ५-७ वटा फोटो कैद गरे । त्यो अरू केही नभएर डुन्डुल मध्ये सबैभन्दा ठुलो प्रजातिको ठुलो डुन्डुल Asian Barred Owlet (*Gaucidium cuculoides*) रहेछ।

सम्भवतः दैलेख जिल्लाका लागि यो नै पहिलो अभिलेख हुनसक्छ। अत् यस्ता खालका अभिलेखहरू थप खोज तथा अनुसन्धानका लागि लाभकर साबित हुन सक्छन्।

# लाटोकोसेरो छोड्दा मनै फुरुङ्ग !




सुगम गुरागाईँ
वन विज्ञान अध्ययन संस्थान, हेटौँडा

**ज्येष्ठ ४, २०८१।** दिउसो ४ बजे तिर हेटौडा उपमहानगरपालिका वडा नं ९ सिमेन्ट रोडमा हिँड्दै थिएँ। अन्दाजी १० वर्षीय बालक हातमा चरा लिएर हिँडे जस्तो लाग्यो। नजिक पुगे पछि थाहा भयो यो लाटोकोसेरो थियो।

बालकले सो लाटोकोसेरोलाई जङ्गलमा भेट्टाएको बताए। लाटोकोसेरो सानै भएको र उड्न नसक्ने अवस्थामा भएको कारण वन विज्ञान सङ्काय हेटौँडामा लगेँ। बालकलाई धन्यवाद दिएँ।

त्यसपछि रेखदेख सुरु भयो। सुरुमा त्यसको आहारा बारे थाहा नहुँदा असहज भएको थियो तर पछि नेपालको उल्लु संरक्षणकर्मी राजु आचार्यसँग सल्लाह गरेर उसलाई खानेकुरा दिइने गरियो। एक हप्ता जति आफूसँग राखेर आहारा खुवाएपछि उक्त उल्लु पनि तन्दुरुस्त भयो। उडन सक्ने भयो । उसलाई रातको समयमा जङ्गलमा लगेर उसको प्राकृतिक वासस्थानमा छोडियो। उडेर जाँदा मनै फुरुङ्ग भयो। कम्तीमा एउटा भए पनि लाटोकोसेरोलाई घर फर्काउन पाउँदाको खुसी भनी साध्य छैन।





# लाटोकोसेरो छोड्दा मनै फुरुङ्ग !







**तस्बिरहरु: सुगम गुरागाईँ**

# लाटोकोसेरोको लागि विश्व प्रसिद्ध पुरस्कार




**बेलायतकी युवराज्ञीको हातबाट सम्मानित हुँदै संरक्षणकर्मी राजु आचार्य**

विगत १६ वर्ष देखि नेपालमा सञ्चालित लाटोकोसेरो संरक्षणका कार्यक्रमको प्रभाव र आगामी योजनाको लागि नेपालले फेरी एक पटक विश्व प्रसिद्ध ह्विट्ली पुरस्कार जितेको छ। यो समेत नेपालले चौथो पटक र गएको तिन वर्षमा लगातार तेस्रो पटक यो पुरस्कारबाट सम्मानित बनेको हो। उल्लु सरको नामले परिचित राजु आचार्यले सो पुरस्कार प्राप्त गरेका हुन्। उनी प्रकृतिका साथीहरू संस्थाका कार्यकारी निर्देशक समेत हुन्। विश्व भरिबाट ६ वटा परियोजनाहरु  सञ्चालनको लागि प्रति परियोजना ५० हजार पाउन्ड प्रदान गरिएको छ। प्राप्त रकमले नेपालमा लाटोकोसेरोको वासस्थान सुधार, सरोकारवालाहरूको क्षमता अभिवृद्धि, संरक्षण चेतना शिविर सञ्चालन, कृत्रिम गुँडको वितरण आदि कार्यक्रमहरू गण्डकी प्रदेशका विभिन्न जिल्लाहरूमा सञ्चालन हुनेछन्। सो कार्यक्रमहरू सञ्चालनको लागि ६ जना लाटोकोसेरो संरक्षण दूतहरू परिचालन गरिनेछ।

# लाटोकोसेरोको अभिलेख






वन्यजन्तु फोटोग्राफर तथा चरामा रुची राख्ने Nigugraphy ले बारामा डुन्डुल अभिलेख गरेका छन्।
त्यसै गरि कोचलगाँडे लाटोकोसेरोको गुँड पनि अभिलेख गरेका छन्।

(श्रोत : https://www.facebook.com/Nikugraphy)

## संरक्षणकर्मीको अपिल ! धन्यवाद, दिनेश गिरि

**माघ १५, २०८०।** चितवनका संरक्षणकर्मी **दिनेश गिरीले** लाटोकोसेरोको उद्धार गर्दै सामाजिक सञ्जाल मार्फत सबैलाई संरक्षण गर्न अपिल गरेका छन्। उनी भन्छन्, 'डुन्डुल नामक लाटोकोसेरोलाई सुरक्षित रूपमा उनीहरूको प्राकृतिक वासस्थानमा छोडियो। चरा उडेर जाँदा म धेरै खुसी थिएँ। आज यो राम्रो कर्म गर्ने अवसर पाउँदा म भित्र अपार आनन्द आएको छ।'



राम्रो कर्म गरौँ र आफ्नो घर वरपर र समुदायमा कसैले कैद गरेर राखेका र राख्नलाई हौसाउनेलाई तुरुन्त प्रहरी वा वन मार्फत सम्पर्क गरी कारबाही गरौँ। सबै जना मिलेर पृथ्वीमा पीडामा परेका सबै अशक्त, घाइते र बिरामी प्राणीहरूलाई बचाउन मद्दत गरौँ।'



# संरक्षणकर्मीको प्रयासहरु

## लाटोकोसेरोको उद्धार

पुष १४, २०८०। शिवपुरी राष्ट्रिय निकुञ्जको नजिकै शिवमन्दिर क्षेत्रबाट संरक्षणकर्मी सरोज खड्काले गोठे लाटोकोसेरोको उद्धार गरेका छन्।

पुष २३, २०८०। दाङको लमही नगरपालिका वडा नम्बर ७ कप्तानगञ्जबाट गोठे लाटोकोसेरोको उद्धार गरिएको छ।

माघ ३, २०८०। नेपालगन्जमा संरक्षणकर्मी आशिष चौधरीको समूहले घाइते गोठे लाटोकोसेरोको उद्धार गरी उपचार गर्ने क्रममा लाटोकोसेरो मरेको छ। उक्त लाटोकोसेरोको हड्डी बाहिरबाट देखिने गरी भाँचिएको थियो र उड्न नसक्ने अवस्थामा थियो। प्रयासको लागी संरक्षणकर्मीहरुको समुहलाई मुरी मुरी धन्यवाद।

# मानिस हाप्सिलो द्वन्द्व



जेष्ठ १, २०८०। पर्वतमा कुखुरा खान आएको भनी गाँउलेको आक्रमणमा परि मरेको हाप्सिलो प्रजातिको लाटोकोसेरो । तस्बिर : कृष्ण राना



**प्रकृतिका साथीहरु**को चौमासिक प्रकाशन हाप्सिलो

**अवधारणा :** राजु आचार्य र यादव घिमिरे

**सम्पादक :** राजु आचार्य

लेख, रचना तथा सम्पर्कका लागि

friendsofnature2005@gmail.com